बलेफी गाउँपालिका

བ་ལེ་ཕི། གྲོང་པ་ལི་ཀ།

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्याः २०८३/०८४
सूचना नं. : 28

बागमती प्रदेश, नेपाल

मितिः२०८३/०६/२९ गते

## रसुवा जिल्लाको भोटेकोशी नदीको बाढीमा बेपत्ता भएका व्यक्तिहरुको आधिकारीक विवरण संकलन तथा दर्ता सम्बन्धी अत्यन्त जरुरी सूचना!

प्रस्तुत विषयमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA), सिंहदरबार काठमाण्डौंबाट जारी भएको "रसुवा जिल्लाको भोटेकोशी नदीको बाढीमा बेपत्ता भएका व्यक्तिहरुको आधिकारीक विवरण एकिन प्रकृया, २०८३" अनुसार मिति २०८३/०५/१० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीमा परी बेपत्ता हुनुभएको व्यक्तिहरुको आधिकारीक विवरण एकिन गरी अन्तिम प्रमाणिकरण गर्नुपर्ने भएकोले यस बलेफी गाउँपालिकाभित्र स्थायी ठेगाना भई सो बाढीमा वेपत्ता हुनुभएको व्यक्तिहरुको विवरण सूचना प्रकाशन भएको मितिले पाँच (५) दिनभित्र तोकिएको ढाँचामा निवेदन भरी सम्बन्धित वडा कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । साथै तोकिएको समयसीमाभित्र सार्वजनिक बिदा परेको खण्डमा पछि कार्यालय खुलेको दिनलाई गणना गरिनेछ ।

***नोटः*** *वेपत्ता परिवारका सदस्यहरुले भर्नुपर्ने निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय मार्फत प्राप्त गर्न सकिनेछ ।*

प्रमुख प्रशासकिय अधिकृत